**निर्णय ३.१:** बिदेशमा विकास भएका आयातित जातको बृहत्तर (मध्यपहाड समेत) क्षेत्रमा परीक्षण व्यवस्थापन गर्न तथा यस अघि सूचित भएका जातहरुको सिफारीस क्षेत्र विस्तार (Domain Expansion)को लागि जात परीक्षणको विस्तारित प्रोटोकल तथा नर्मसका सम्बन्धमा छलफल गरी समितिको बैठकमा प्रतिवेदन पेश गर्न मिति २०७८/१२/२९ मा बसेको राष्ट्रिय बीउ बिजन समितिको बैठकबाट गठन भएको कार्यदलले पेश गरेको प्रतिवेदन स्वीकृत गरी परीक्षण व्यवस्थापन तथा सिफारिस क्षेत्र बिस्तारका लागि देहाय अनुसारको मापदण्ड कार्यान्वयनका लागि नेपाल कृषि अनुसन्धान परिषद् र राष्ट्रिय बीउ बिजन समितिको सचिवालयलाई निर्देशन दिने।

**धान र मकैका खुला सेचित/वर्णशंकर जातहरुको सिफारिस क्षेत्र बिस्तार (Domain Expansion) सम्बन्धी मापदण्ड, २०७९**

**पृष्ठभूमि**

नेपालमा सूचीकृत भई आयात हुने जातहरुको उत्पादकत्व धेरै हुने भएकोले विदेशमा विकास भई नेपालमा सूचीकृत भएका विशेषगरी आयातित जातहरु (बर्णशंकर/खुला सेचित) सिफारीस क्षेत्र तथा सिफारीस क्षेत्रभन्दा बाहेकको क्षेत्रमा समेत कृषकको रोजाईमा पर्ने गरेको तथा ती जातहरुले उत्पादन तथा उत्पादकत्व वृद्धिमा समेत सकारात्मक भूमिका निर्वाह गरेको परिप्रेक्ष्यमा कृषकमाझ लोकप्रिय सूचीकृत जातहरु सिफारीस क्षेत्रभन्दा बाहेकको क्षेत्रमा परीक्षण गरी सिफारीस क्षेत्र विस्तार गर्न वाञ्छनीय भएकोले बीउ विजन ऐन, २०४५ को दफा ५.४ र दफा ५.९ ले दिएको अधिकार प्रयोग गरी सिफारिस क्षेत्र बिस्तार तथा परीक्षण व्यवस्थापनका सम्वन्धमा राष्ट्रिय बीउ विजन समितिले यो मापदण्ड स्वीकृत गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस मापदण्डको नाम **धान र मकैका खुला सेचित/वर्णशंकर जातहरुको सिफारिस क्षेत्र विस्तार (Domain Expansion) सम्बन्धी मापदण्ड, २०७९** रहेको छ ।

(२) यस मापदण्डमा उल्लेख गरिएका विषयहरु मध्ये परीक्षण सम्बन्धी शुल्कको कार्यान्वियन नेपाल कृषि अनुसन्धान परिषद्बाट निर्णय भए पश्चात् र अन्य सम्पूर्ण विषयहरु राष्ट्रिय बीउ बिजन समितिको बैठकबाट निर्णय भए पश्चात् कार्यान्वियन हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) **"आयातकर्ता"** भन्नाले बालीका जातहरु सूचीकृत गराउने प्रक्रिया अन्तरगत परिषद्लाई नियमानुसारको राजश्व दाखिला गरी परीक्षण हुने बीउ आयात गरी सम्बन्धित बाली अनुसन्धान कार्यक्रमद्वारा अनुसन्धान गराई नियमानुसार जात सूचीकृत भैसकेपछि उक्त जातको व्यवसायिक कारोबार (निकासी वा पैठारी) गर्ने गरी जात विकास गर्ने निकायबाट तोकिएको आधिकारिक व्यक्ति/संस्था सम्झनुपर्दछ । सो शव्दले जात सूचीकृत गराउने आयातकर्ताबाट मन्जुरीनामा (No Objection Letter) लिई सिफारिस क्षेत्र बिस्तार गराउन चाहने वा नयाँ परीक्षण हुने जात आयात गरी परीक्षण गराउने व्यक्ति/संस्थालाई समेत जनाउँछ ।

(ख) **"कृषक स्तरमा परीक्षण (Famers' Field Trial)"** भन्नाले सिफारिस क्षेत्र विस्तार (Domain Expansion) का लागि पेश हुने जातहरुको कृषक स्तरमा परीक्षण गर्न परिषद्बाट निर्धारण गरिएको प्रोटोकल अनुसार संचालित कार्य सम्झनुपर्दछ ।

(ग) **"केन्द्र"** भन्नाले राष्ट्रिय बीउ बिजन समितिको सचिवालय/बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र सम्झनुपर्दछ ।

(घ) **"जात अनुमोदन, उन्मोचन र दर्ता उपसमिति"** भन्नाले बीउ विजन नियमावली, २०६९ को नियम ३ अनुसारको उपसमिति सम्झनुपर्दछ ।

(ङ) **"जात"** भन्नाले नेपालमा आयातित हुने खुला सेचित वा वर्णशंकर दुवैलाई जनाउँछ ।

(च) **"परिषद्"** भन्नाले नेपाल कृषि अनुसन्धान परिषद्लाई सम्झनुपर्दछ ।

(छ) **"प्राविधिक उपसमिति"** भन्नाले बीउ बिजनको अनुमोदन, उन्मोचन र दर्ता सम्बन्धी निर्देशिका २०७३ मा व्यवस्था भएको उपसमिति सम्झनुपर्दछ ।

(ज) **"बाली अनुसन्धान कार्यक्रम"** भन्नाले सिफारिस क्षेत्र विस्तार (Domain Expansion) का लागि परीक्षणको मूख्य जिम्मेवारी निर्वाह गर्ने परिषद् अन्तरगतको बाली विशेष अनुसन्धान कार्यक्रम सम्झनुपर्दछ ।

(झ) **"बाली"** भन्नाले धान र मकै बाली सम्झनुपर्दछ ।

(ञ) **"समिति"** भन्नाले बीउ बिजन ऐन, २०४५ को दफा ३ अनुसारको राष्ट्रिय बीउ बिजन समिति सम्झनुपर्दछ ।

(ट) **"सूचीकृत"** भन्नाले नेपाल राजपत्रमा प्रकाशन भएका जातहरु सम्झनुपर्दछ ।

CS CamScanner

## परिच्छेद - २
## सिफारिस क्षेत्र विस्तारका लागि आवश्यक प्रक्रिया

३. **सूचिकृत जात हुनु पर्ने:** यस मापदण्ड बमोजिम बालीका जातको सिफारिस क्षेत्र विस्तारका लागि छनौट गरिने जात यो मापदण्ड स्वीकृत हुनु भन्दा पहिले नेपालमा सूचीकृत भएको हुनुपर्नेछ ।

४. **सूचना प्रकाशन हुने:** नेपालमा सूचीकृत भई कृषकमाझ लोकप्रिय रहेका सूचीकृत आयातित जातहरुको सिफारिस क्षेत्र विस्तारका लागि सम्बन्धित आयातकर्ताबाट आवेदन दिन केन्द्रले सार्वजनिक सूचना प्रवाह गर्नेछ ।

५. **आवेदन दिनुपर्ने:** केन्द्रबाट तोकिएको समयभित्र आयातकर्ताले सिफारिस क्षेत्र विस्तारका लागि **अनुसूची १** बमोजिमका कागजातहरु समावेश गरी आवदेन दिनु पर्नेछ । तोकिएको समय भित्र आवेदन पेश नभएमा सिफारिस क्षेत्र विस्तारका लागि प्रक्रिया अगाडि बढाइने छैन ।

६. **जात परीक्षणका लागि अनुमति प्रदान गरिने :** दफा ५ बमोजिम प्राप्त आवेदनहरु मध्ये जात विकास भएका देशमा सिफारिस भएको क्षेत्र (Agro-Ecology) वा परीक्षण गरिएको क्षेत्र (Testing Sites) लाई आधार मानी नेपालमा सोही अनुसारको मिल्दोजुल्दो क्षेत्र र स्थानमा मात्र सिफारीस क्षेत्र विस्तार तथा नयाँ परीक्षण गर्ने गराउने कार्यका लागि केन्द्रले परीक्षण अनुमित प्रदान गर्नेछ ।

७. **जात परीक्षण तथा परीक्षण स्थल निर्धारण :** (१) यस मापदण्ड बमोजिम सिफारिस क्षेत्र बिस्तार र नयाँ परीक्षण हुने जातहरुको परीक्षण देहाय बमोजिम गरिनेछ ।

(क) नयाँ परीक्षण हुने आयातित जातहरुको परीक्षण सम्बन्धी सम्पूर्ण कार्य बीउ बिजन नियमावली, २०६९ को अनुसूची-१ को खण्ड **"ग"** तथा अनुसूची २ तथा अनुसूची ३ मा उल्लेख भएको परीक्षण स्थल र परीक्षण शूल्कको आधारमा नेपाल कृषि अनुसन्धान परिषद्वाट निर्धारण भएको मापदण्ड बमोजिम हुनेछ ।

(ख) सूचीकृत भएका जातहरुको सिफारिस क्षेत्र विस्तारका लागि आयातकर्ताले सिफारिस क्षेत्र विस्तार गर्न मध्य पहाडी क्षेत्रमा परीक्षण गराउने भए **अनुसूची २** मा उल्लेख भएका सबै स्थलमा तथा तराई क्षेत्रमा परीक्षण गराउने भए तराईका सबै वा कुनै एक वा एक भन्दा बढी अनुसन्धान केन्द्रमा परीक्षण गराउन सक्नेछन्।

(ग) परीक्षणका लागि आवश्यक परीक्षण अनुमति पत्र (Trial Letter) केन्द्रबाट धानको हकमा हरेक वर्षको फाल्गुण-चैत्र महिना भित्र, मकैको हकमा तराईमा परीक्षण हुँदा असोज मसान्त भित्र र पहाडी क्षेत्रमा परीक्षण हुँदा माघ मसान्त भित्र लिई सक्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम परीक्षण अनुमति पत्र लिई सकेपछि आयातकर्ताले **अनुसूची ३** अनुसारको परीक्षण शुल्क बुझाई जात विकास गर्ने निकायबाट पूर्णरुपले प्याकेजिङ्ग गरिएको वीउ केन्द्रमा उपलब्ध गराउनुपर्नेछ । केन्द्रले उक्त बीउ Coding गरी बाली अनुसन्धान कार्यक्रममा परीक्षण गराउने कार्यका लागि उपलब्ध गराउनुपर्नेछ । तर, सिफारिस क्षेत्र विस्तारका लागि पेश हुने जातको बीउको हकमा केन्द्रवाट Trial Letter प्राप्त गरिसकेपछी बीउ सोझै सम्बन्धित बाली अनुसन्धान कार्यक्रममा परीक्षणका लागि उपलब्ध गराउनुपर्नेछ ।

(ङ) सिफारिस क्षेत्र बिस्तारका लागि आयातकर्ताले उपदफा १ को खण्ड (ख) बमोजिम कम्तिमा १ सिजन On Station परीक्षण र १ सिजन परिषद्ले तय गरेको प्रोटोकल अनुसार केन्द्रसँगको प्रत्यक्ष समन्वयमा कृषक स्तरमा परीक्षण (Farmer's Field Trial) गराउनुपर्नेछ ।

(च) खण्ड (ङ) बमोजिम हुने परीक्षण एकै सिजनमा वा फरक फरक सिजनमा हुन सक्नेछ । तर, फरक फरक सिजनमा परीक्षण गरिने भए उक्त परीक्षण लगातार रुपमा गरिएको हुनुपर्नेछ ।

(छ) खण्ड (ङ) बमोजिम हुने On station परीक्षणका क्रममा संकलन गर्नुपर्ने तथ्याङ्क/विवरण **अनुसूची ४** बमोजिम लिनुपर्नेछ भने कृषक स्तरमा हुने परीक्षणका क्रममा परिषद्ले तोकेको प्रोटोकल अनुसार कृषि प्राविधिकको संलग्नतामा तथ्याङ्क/विवरण लिने व्यवस्था सम्बन्धित आयातकर्ताले मिलाउनुपर्नेछ ।

(ज) खण्ड (छ) बमोजिम कृषक स्तरमा हुने परीक्षण व्यवस्थापन गर्दा सम्भव भए सम्म एकै क्लष्टर (Cluster) मा पर्ने गरी परीक्षण कार्य संचालन गर्नुपर्नेछ ।

CamScanner

(झ) सिफारिस क्षेत्र विस्तार (Domain Expansion) र नयाँ परीक्षण हुने जातहरुको परीक्षण स्थल अनुसूची २ बमोजिम हुनेछ।

८. **परीक्षण शुल्क लिइने:** दफा ७ बमोजिम सिफारिस क्षेत्र बिस्तार र नयाँ परीक्षणका लागि अनुसन्धान केन्द्रमा गरिने परीक्षणका लागि **अनुसूची** ३ अनुसारको शुल्क आयातकर्ताले बुझाउनु पर्नेछ भने सिफारिस क्षेत्र बिस्तारका लागि गरिने कृषक स्तर परीक्षणका लागि आवश्यक सम्पूर्ण व्यवस्था आयातकर्ताले नै गर्नुपर्नेछ । तर, आयातकर्ताले परिषद् मार्फत् कृषक स्तरमा परीक्षण गराउन चाहेमा केन्द्रको सिफारिसमा अनुसूची ३ अनुसारको शुल्क बुझाई सम्बन्धित बाली अनुसन्धान कार्यक्रम मार्फत् गराउन सक्नेछन् ।

## परिच्छेद - ३
## सिफारिस क्षेत्र विस्तार

९. **सिफारिस क्षेत्र बिस्तार गरिने:** (१) यस मापदण्ड बमोजिम सूचीकृत जातहरुको सिफारिस क्षेत्र बिस्तार देहाय बमोजिम गरिनेछ ।

(क) दफा ७ मा उल्लेख भए अनुसार परीक्षण कार्य सम्पन्न भइसकेपछि सोको प्रस्ताव र दफा १० बमोजिम हुने अनुगमन निरीक्षणको प्रतिवेदन सम्बन्धित बाली अनुसन्धान कार्यक्रम मार्फत् केन्द्रमा उपलब्ध गराउनुपर्नेछ ।

(ख) केन्द्रले खण्ड (क) बमोजिम प्राप्त प्रस्ताव जात मौजुदा व्यवस्थामा भए अनुसार निर्णय प्रक्रियामा लैजानेछ।

## परिच्छेद - ४
## अनुगमन सम्बन्धी व्यवस्था

१०. **अनुगमन निरीक्षण हुने:** (१)आयातकर्ताले कृषक स्तरमा गरिएको परीक्षणको अनुगमन केन्द्र, परिषद् र अन्तरगतका अनुसन्धान केन्द्र तथा प्राविधिक उपसमितिका सदस्यहरुबाट परीक्षणका दौरान जुनसुकै बखत हुन सक्नेछ ।

(२) अनुगमन कार्यका लागि आवश्यक सहजीकरण गर्ने जिम्मेवारी सम्बन्धित आयातकर्ताको हुनेछ र अनुगमन गर्ने गराउने कार्यको नेतृत्व केन्द्रसँगको समन्वयमा सम्बन्धित बाली अनुसन्धान कार्यक्रमको हुनेछ ।

(३) अनुगमनका क्रममा औंल्याइएका सुझावहरु आयातकर्ताले अनिवार्य रुपमा कार्यान्वयन गर्नुपर्नेछ ।

११. **प्रतिवेदन पेश गर्नुपर्ने:** आयातकर्ताले कृषक स्तरमा हुने परीक्षणको तथ्याङ्क/विवरण बाली अनुसन्धान कार्यक्रममा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१२. **स्पष्ट पारिने:** यस मापदण्ड कार्यान्वयनका क्रममा कुनै विषयमा स्पष्ट पार्नु परेमा वा थप विस्तृतीकरण गर्नुपरेमा केन्द्रले गर्नेछ ।

## अनुसूची - १
### (दफा ५ सँग सम्बन्धित)
### सिफारिस क्षेत्र बिस्तारका लागि पेश गर्नुपर्ने कागजातहरु

क. निवेदन

ख. परीक्षणमा लैजाने जातको विवरण

| क्र स | बाली | जात | जात विकास गर्ने निकाय र देश | जात विकास गर्ने देशमा भएको testing sites को विवरण | | सिफारिस क्षेत्र विस्तार सम्बन्धमा जात विकास गर्ने निकायको राय (आवश्यक देखिएमा) |
|---|---|---|---|---|---|---|
| | | | | Testing sites | उचाई | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

ग. परीक्षण गरिने जातको DNA Fingerprint

घ. परीक्षण गरिने जातको Morphological Characteristics

ङ. परीक्षण गरिने जातको Breeder's Certificate

च. परीक्षण गरिने जातको Non GMO Declaration

छ. जात विकास गर्ने निकायबाट आयातकर्तालाई उपलब्ध गराइएको आधिकारिक पत्र

ज. आयातकर्ताको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

झ. संस्था दर्ता प्रमाणपत्र (नविकरण समेत)को प्रतिलिपि

ञ. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

ट. बीउ बिजन व्यवसाय संचालनको अनुमति पत्रको प्रतिलिपि

ठ. जात विकास गर्ने निकायबाट Testing Sites तथा पैत्रिक लाईन तथा सम्भाव्य सिफारिस क्षेत्र सम्बन्धी विवरण (आवश्यक पर्ने भएमा) खुलेको आधिकारिक पत्र

ड. सूचनामा माग भएका अन्य कागजातहरु

नोट: यस अघि खास क्षेत्रको लागि सूचीकृत भएका जातहरुको हकमा सोही उचाईका अन्य क्षेत्रमा परीक्षण गराउन जात विकास गर्ने निकायबाट Testing Sites को विवरण पेश गर्नु पर्ने छैन ।

## अनुसूची - २
### दफा ७ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित
### परीक्षण गरिने स्थल

| क्र स | परीक्षणका लागि जिम्मेवार निकाय | बाली | कैफियत |
|---|---|---|---|
| मध्य पहाडी क्षेत्र | | | |
| १. | पहाडी बाली अनुसन्धान कार्यक्रम, काब्रे, दोलखा | धान/मकै | On station |
| २. | राष्ट्रिय बाली प्रजनन् तथा आनुवंशिक अनुसन्धान केन्द्र, खुमलटार | धान/मकै | On station |
| ३. | कृषि अनुसन्धान केन्द्र, दैलेख | धान/मकै | On station |
| तराई क्षेत्र | | | |
| १. | राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम, रामपुर | मकै | On station |
| २. | राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, धनुषा | धान | On station |
| ३. | कृषि अनुसन्धान निर्देशनालय, परवानीपुर | मकै | On station |
| ४. | कृषि अनुसन्धान निर्देशनालय, तरहरा | धान/मकै | On station |
| ५. | कृषि अनुसन्धान निर्देशनालय, खजुरा | धान/मकै | On station |

CamScanner

## अनुसूची - ३

(दफा ७ को उपदफा (१) को खण्ड (घ) र दफा ८ सँग सम्बन्धित)

परीक्षण शुल्क

| क्र.स. | बाली | परीक्षण शुल्क प्रति जात (रुपैयाँ) | कैफियत |
|---|---|---|---|
| १. | वर्णशंकर/खुला सेचित धान/मकैका जातहरु | ▪ तराईका लागि मात्र: रु ८० हजार प्रति जात प्रति वर्ष ।<br>▪ पहाडका लागि मात्र रु ७० हजार प्रति जात प्रति वर्ष ।<br>▪ तराई र पहाड दुवैका लागि रु १५० हजार प्रति जात प्रति वर्ष | सिफारिस क्षेत्र विस्तारका लागि खास अनुसन्धान केन्द्रमा परीक्षण गर्नु पर्ने भएमा निम्नानुसार हुने:<br>**तराई:**<br>• धानको हकमा प्रति परीक्षण स्थल (On station) रु २७ हजार रुपैया ।<br>• मकैको हकमा प्रति परीक्षण स्थल (On station) रु २० हजार रुपैया |

नोट:

- नयाँ परीक्षण हुने जातहरुको सम्वन्धमा पनि माथि उल्लेख भए बमोजिमको परीक्षण शुल्क लाग्नेछ । तर यसरी परीक्षण गर्दा परीक्षण हुन योग्य भौगोलिक क्षेत्रमा अनुसूची २ बमोजिमका सम्पूर्ण परीक्षण स्थलमा परीक्षण गराउनुपर्नेछ ।
- उपरोक्त शुल्क नेपाल कृषि अनुसन्धान परिषद्को निर्णयानुसार हेरफेर हुन सक्नेछ ।

## अनुसूची - ४

(दफा ७ को उपदफा (१) को खण्ड (छ) सँग सम्बन्धित)

सिफारीस क्षेत्र विस्तारको लागि लिनुपर्ने On station Trail DATA विवरण

| परीक्षण किसिम | धान (Paddy) | मकै (Maize) |
|---|---|---|
| सिफारीस क्षेत्र विस्तार (Domain Expansion) | ▪ Plant Height (cm)<br>▪ Days to flowering from seeding<br>▪ Days to maturity from seeding<br>▪ Grain Yield<br>▪ Straw Yield<br>▪ Lodging<br>▪ Number of effective tillers/hill<br>▪ Panicle length (cm)<br>▪ Grain numbers/panicle<br>▪ Filled Grains/panicle<br>▪ Unfilled grains/Panicle<br>▪ 1000 Grain weight, L/B ratio<br>▪ Insect score (Borer, BPH)<br>▪ Diseases score (Blast, BLB, Sheath blight, false smut….)<br>▪ Grain quality parameters (Coarse, Medium, Fine)<br>▪ Yield advantage<br>▪ Others (if any……) | ▪ Days to 50% flowering<br>▪ Plant height (cm)<br>▪ Lodging<br>▪ No. of plants/plot<br>▪ No. of ears/plot<br>▪ Field wt. kg/plot<br>▪ Grain moisture %<br>▪ Disease (Turcicum, Maydis, GLS, Stalk lodging, Root lodging, Ear rot)<br>▪ Insect (Borer, FAW)<br>▪ Yield (t/ha)<br>▪ Rotten ear<br>▪ Ear height (cm) |

CamScanner